## मिति २०७८।०३।०५गते बसेको ७९ औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं.१**

यस गाउँपालिकाको आ.व.२०७८/०७९ वजेट अर्न्तगतवाट वजेट सिमा निर्धारण समितिको बैठकवाट निर्धारण गरिएको वजेट सिमाको अधिनमा भित्र रहि विषयगत समितिमा छलफल भई आर्थिक विकास समिति,सामाजिक विकास समिति,पुर्वाधार समिति,वन वातावरण तथा विपद व्यवस्थापन समिति र सुशासन सेवा प्रवाह तथा संस्थागत विकास समितिवाट आएका योजनाका आधारमा बजेट तर्जुमा समिति द्धारा तयार गरिएको आगामी आ. व २०७८।७९ को विस्तृत बजेट तथा कार्यक्रम स्वीकृत गरी गरी सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

परिवर्तन गाउँपालिका अन्तरगत विभिन्न वडामा वर्षादको कारण सडक पहिरोले भत्काएको तथा चिरा-चिरा पारी सवारी साधन आवत जावतमा अवरुद्ध भएकोले सडक खोल्नको लागि,राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तारको लागि पोल व्यवस्थापन गर्दा सडकमा आएको ढुंगा माटोलाई पन्छाउन , पुतलाचौरको पुलमा सडक चाडा वनाउन र पुतलाचौर दाङजै सडकखण्डको ट्र्याक खोल्ने जस्ता तत्काल आवश्यक परेकोले प्राकृतिक प्रकोप व्यवस्थापन शिर्षकवाट खर्च गर्ने गरी देहाय वमोजिमको योजनालाई स्वीकृत गरी यथासक्य छिटो छरितो कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आग्रा खानीखोला मोटरवाटो मर्मत | परिवर्तन-४ रोल्पा | २,५०,०००। | |
| २ | पुतलाचौर वजारक्षेत्र ग्रवेल | परिवर्तन-५ रोल्पा | ५६,९५०। | |
| ३ | ओवाङ लाकुरीचौर सडक मर्मत | परिवर्तन-६ रोल्पा | १,२०,०००। | |
| ४ | पुतलाचौर पुलवोट सडक मर्मत | परिवर्तन-५ रोल्पा | ३३,५००। | |
| ५ | पुतलाचौर सडक निर्माण | परिवर्तन-५ रोल्पा | २२,०००। | |
| | **जम्मा** | | **४,८२,४५०।** | |

**निर्णय नं.३**

यस परिवर्तन गाउँपालिका वडानं. ३ थुनिकोट वस्ने भिमे दमाई वैदेशिक रोजगारको शिलशिलामा दुवईमा गएको वखत अचानक मृत्यु भएकोले आर्थिक अवस्था कमजोर भई शवलाई नेपालमा लिदा लागेको खर्चमा केही आर्थिक सहयोग गर्नको लागि यस गाउँपालिकामा मृतक भिमे दमाईको छोरा मनराज नेपालीको निवेदन उपर गाउँकार्यपालिकामा छलफल हुँदा गाउँपालिकाको आर्थिक सहायता कोष संचालन व्यवस्थापन कार्यविधि २०७७ वमोजिम रु ३०,०००। अक्षरुपी तीस हजार रुपैया मात्र । आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

यस परिवर्तन गाउँपालिका वडानं.२ वस्ने मनसिं खत्रीले घरमा लग्ने भनि राँगा र भैसी खरिद गरेर लिने क्रममा परिवर्तन ३ वागमाराको सानीगाड खोला नजिकै वाधेर राखेको अवस्थामा मिति २०७७।०५।०४ गते राती अविरल वर्षाको कारण वाढी आई २ वटा राँगा ३ भैसी जम्मा गरी ५ वटा राँगा भैसी मरेकोले राहत उपलब्ध गराई दिनुहुन भनि यस कार्यालयमा मनसिं खत्रीको निवेदन उपर गाउँकार्यपालिकामा छलफल हुँदा गाउँपालिकाको आर्थिक सहायता कोष संचालन व्यवस्थापन कार्यविधि २०७७ वमोजिम रु ३०,०००। अक्षरुपी तीस हजार रुपैया मात्र । आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस परिवर्तन गाउँपालिका अन्तरगत सुरक्षित नागरिक आवास कार्यक्रम (फुसको छाना हटाउने कार्यक्रम ) मा सवै वडावाट छनौट भई नामावली पठाएकोमा कुनै लाभग्राहीको मृत्यु भएको तथा कुनै लाभगाह्रीको घरपरिवार इन्डिया गई सम्झौता गर्न असमर्थ भएको कारण देहायको नामवली संसोधन गरी उक्त कार्यक्रममा सहभागी वनाउने निर्णय गरियो ।

| क्र.स. | छनौट भएको लाभग्राहीको नाम | ठेगाना | संसोधित लाभग्राहीको नामथर | ठेगाना |
|---|---|---|---|---|
| १ | भागीमाली घर्तिमगर | परिवर्तन ५ रोल्पा | भुपेन्द्र घर्तिमगर | परिवर्तन ५ रोल्पा |
| २ | नन्द बहादुर घर्ति | परिवर्तन ५ रोल्पा | जिवन घर्तिमगर | परिवर्तन ५ रोल्पा |
| ३ | तेजविर खड्का | परिवर्तन ५ रोल्पा | धन बहादुर खडका क्षेत्रि | परिवर्तन ५ रोल्पा |
| ४ | भिर सिं बुढा | परिवर्तन ६ रोल्पा | कुकुरनी वलीनी | परिवर्तन ४ रोल्पा |
| ५ | कविराज बुढामगर | परिवर्तन ६ रोल्पा | विमला बुढा | परिवर्तन ४ रोल्पा |
| ६ | अतिराम बुढामगर | परिवर्तन ६ रोल्पा | भिम कुमारी रोका | परिवर्तन ४ रोल्पा |
| ७ | राजिमान बुढा | परिवर्तन ६ रोल्पा | विरमाली वली | परिवर्तन ४ रोल्पा |
| ८ | फिस्ती बुढा | परिवर्तन ६ रोल्पा | शेरसिंह बुढामगर | परिवर्तन ४ रोल्पा |
| ९ | महवीर वली | परिवर्तन ४ रोल्पा | तिलक बहादुर कामी | परिवर्तन ५ रोल्पा |
| १० | नन्दु पुन मगर | परिवर्तन ५ रोल्पा | पुतला पुन | परिवर्तन ५ रोल्पा |
| ११ | रमेश बुढामगर | परिवर्तन ४ रोल्पा | दिलमाया बुढा | परिवर्तन ४ रोल्पा |
| १२ | थक बहादुर वली | परिवर्तन ४ रोल्पा | वम कुमारी वली | परिवर्तन ४ रोल्पा |
| १३ | भक्त बहादुर बुढा | परिवर्तन ४ रोल्पा | कमान सिंह बुढा | परिवर्तन ४ रोल्पा |
| १४ | हर्क बहादुर बुढा | परिवर्तन ४ रोल्पा | लंक बहादुर वुढा | परिवर्तन ४ रोल्पा |
| १५ | स्नेहा रोकामगर | परिवर्तन ५ रोल्पा | नन्दकली रोका | परिवर्तन ५ रोल्पा |

**निर्णय न ६**

यस गाउँपालिका अन्तरगत संचालित श्री नेपल राष्ट्रिय मा.वि कोलवोट नाफेमा विद्यालय सहायक कर्मचारी पदपुर्तिका लागी मापदण्ड पुरा भएकोले उक्त विद्यालयहरु शशर्त अनुदान शिर्षकबाट तलव भत्ता पाउने गरी पद सृजना गरी कर्मचारी भर्ना प्रकृया अगाडी बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिकाको वडा नं.२ राङसी स्थित श्री वालमैत्री वालविकास केन्द्र संचालनको लागि स्वीकृती दिई वालविकास सहजकर्ताको पारिश्रमिक आ.व.२०७८/०७९ को शुरु देखि गाउँपालिकावाट उपलव्ध गराउने गरी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिका अन्तरगत लैंगिक हिंसा पिडित व्यक्तिहरुको तत्काल राहत, उद्धार कानुनी सहायता, मनोबैज्ञानिक उपचार तथा पुनस्थापना गर्नु कार्यलाई ब्यवस्थित बनाउन **"लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधी २०७८"** को मस्यौदा लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णंय नं ९**

**"लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७८"** को दफा ६ मा भएको व्यवस्था अनुसारका पदाधिकारी रहने गरी कोष संचालन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

यस परिवर्तन गाउँपालिका अन्तरगत नेपाल सरकारको शशर्त वजेट तथा कार्यक्रम अनुसार सवै विद्यालय तहमा अध्यायनरत किशोरी उमेर समुहका छात्राहरुका लागि स्यानिटरी प्याड वितरण शिर्षकमा रु १५,०७,०००।अक्षरुपी पन्ध्रलाख सात हजार मात्र । विनियोजन गरिएकोमा शिक्षा मन्त्रालयको मापडण्द अनुसार स्यानिटरी प्याड खरिदका लागि गाउँपालिकाले विद्युतीय वोलपत्र मार्फत एक चरणमा खरिद कार्य सम्पन्न भई विद्यालयमा अध्यायनरत छात्राहरुलाई थप स्यानिटरी प्याड वितरणको लागि आवश्यक रहेकोले दोस्रो चरणका लागि सोही शिर्षकवाट खर्च हुने गरी रु,४,५०,०००। (अक्षरुपी चार लाख पचास हजार रुपैया मात्र) थप स्यानिटरी प्याड खरिद र रु ४,५०,०००। (अक्षरुपी चार लाख पचास हजार रुपैया मात्र) स्यानिटरी प्याड डिस्पोजल मेसिन खरिद गरी विद्यालयलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

यस परिवर्तन गाउँपालिका वडानं.५ वस्ने भिम बहादुर घर्तिको मिति २०७७।४।५ गते परेको अविरल वर्षादको कारण घरमाथिवाट पहिरो आई आफ्नै तीन वटा घर जोखिम परेको र सल्लाको २०० विरुवालाई पहिरोले क्षति पुरयाएकोले राहत उपलव्ध गराई दिनुहुन भनि यस कार्यालयमा निवेदन दिए अनुसार गाउँकार्यपालिकामा छलफल गर्दा जोखिम भएको घरलाई रोकथाम गर्नको लागि निवेदक श्री भिम बहादुर घर्तिमगरलाई गाउँपालिकाको आर्थिक सहायता कोष संचालन व्यवस्थापन कार्यविधि २०७७ वमोजिम एकमुष्ट ३०,०००। अक्षरुपी तीस हजार रुपैया मात्र । प्राकृतिक प्रकोप व्यवस्थापन कोषवाट राहत उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२

परिवर्तन गाउँपालिका वडानं.१ वस्ने देहायका व्यक्तिहरु आर्थिक रुपले कमजोर भएकोले आर्थिक सहयोग गरि दिनुहुन भनि यस कार्यालयमा निवेदन दिएकाले सो निवेदन अनुसार छलफल गर्दा आर्थिक रुपले कमजोरीको कारण फुसको छाना भएको घर पानी परेको वेला चुहिएर वस्न असहज हुने भएको कारण केही आर्थिक सहायताको माध्यामवाट फुसको छानालाई केही मर्मत गर्नको लागि अन्य संस्था सहायता कोष शिर्षकवाट देहाय वमोजिम आर्थिक सहायता गर्ने निर्णय गरियो ।

| क.स. | नाम थर | ठेगाना | सहायता रकम |
|---|---|---|---|
| १ | श्री गोल बहादुर बुढामगर | परिवर्तन १ रोल्पा | २५,०००। |
| २ | नन्द बहादुर वुढा | परिवर्तन १ रोल्पा | २५,०००। |

**निर्णय नं.१३**

यस परिवर्तन गाउँपालिका वडानं.५ वस्ने भिम बहादुर घर्तिको मिति २०७७।४।५ गते परेको अविरल वर्षादको कारण घरमाथिवाट पहिरो आई आफ्नै तीन वटा घर जोखिम परेको र सल्लाको २०० विरुवालाई पहिरोले क्षति पुरयाएकोले राहत उपलव्ध गराई दिनुहुन भनि यस कार्यालयमा निवेदन दिए अनुसार गाउँकार्यपालिकामा छलफल गर्दा जोखिम भएको घरलाई रोकथाम गर्नको लागि निवेदक श्री भिम बहादुर घर्तिमगरलाई गाउँपालिकाको आर्थिक सहायता कोष संचालन व्यवस्थापन कार्यविधि २०७७ वमोजिम एकमुष्ट ३०,०००। अक्षरुपी तीस हजार रुपैया मात्र । प्राकृतिक प्रकोप व्यवस्थापन कोषवाट राहत उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४**

यस परिवर्तन गाउँपालिका वडानं.५ वस्ने विरेन्द्र प्रसाद घर्तिले दिएको निवेदन अनुसार छलफ गर्दा मिति २०७८।३।०१ गते परेको अविरल वर्षादको कारण वाढी पहिरोले पुतलाचौर क्षेत्रमा आउने खानेपानीको मुहान देखि ५०० मिटरसम्मको पाइपलाई काम नलाग्ने गरी वाढीले वगाएको हुदा पुतलाचौर क्षेत्रको अस्थायी प्रहरी चौकी,ग्लोवल वैङक सभाहल र गाउँपालिकाको कार्यालयमा खानेपानी सम्वन्धि अभाव भई खानेपानी आपुर्तिको लागि भई मर्मत गर्नको गाउँपालिकाको आर्थिक सहायता कोष संचालन व्यवस्थापन कार्यविधि २०७७ वमोजिम एकमुष्ट ३०,०००। अक्षरुपी तीस हजार रुपैया मात्र । प्राकृतिक प्रकोप व्यवस्थापन कोषवाट राहत उपलव्ध गराउने निर्णय गरियो ।